# मुख्यमन्त्री

**कोशी प्रदेश, विराटनगर, नेपाल**

## शुभकामना

आठौ राष्ट्रिय पत्रकारिता दिवसको अवसरमा स्वदेश तथा विदेशमा रहेर पत्रकारिता क्षेत्रमा क्रियासिल रहनु भएका सम्पूर्ण नेपाली पत्रकारहरुमा हार्दिक शुभकामना व्यक्त गर्दछु। सरकारले २०७३ सालमा नेपालमा समाचारमुलक पत्रिका 'गोरखापत्र'को प्रकाशन आरम्भ भएको दिन बैशाख २४ गतेलाई 'राष्ट्रिय पत्रकारिता दिवस'को रुपमा मनाउने निर्णय गरेको थियो । त्यसपछि हरेक वर्षको बैशाख २४ गतेलाई 'राष्ट्रिय पत्रकारिता दिवस'को रुपमा मनाइन्छ। राष्ट्रिय पत्रकारिता दिवसको अवसरमा कोशी प्रदेश सरकारलेपनि हरेक वर्ष प्रदेश भित्रका क्रियासिल अग्रज पत्रकारहरुलाई 'प्रादेशिक पत्रकारिता पुरस्कार' मार्फत सम्मान गर्दै आएको छ र यस वर्ष पनि त्यसलाई निरन्तरता दिइएको छ।

इतिहासको छोटो अवधिमै सूचना, शिक्षा र मनोरञ्जनको माध्यमबाट नेपालको राजनीतिक, सामाजिक परिवर्तन, तथा सरकारलाई खबरदारी गर्दै राष्ट्रिय सङ्कटका बेला नेपाली समाजलाई एकतावद्ध वनाई राष्ट्र निर्माणमा नेपाली पत्रकारिता क्षेत्रले निर्वाह गरेको भूमिका अविस्मरणीय रहेको छ। प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता र सूचनाको हक पत्रकारिता क्षेत्रको प्रणवायु हो, यही कुरालाई हृदयगम गरि प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता, सञ्चार, र सूचनाको हकलाई नेपालको संविधान २०७२ मा मौलिक हकको रुपमा व्यवस्था गरिएको छ।

संबैधानिकरुपमै व्यवस्थित गरिएका ती हकहरुको पूर्णरुपमा संरक्षण र कार्यन्वयन गर्दै जिम्मेवार र मर्यादित पत्रकारिताको विकासका लागि कोशी प्रदेश सरकार प्रतिवद्ध र स्पस्ट रहेको छ।

सिमीत छापा माध्यमबाट सुरु भएको नेपाली पत्रकारिताले सूचना प्रविधिमा आएको विकाससँगै रेडियो, टेलिभिजन हुँदै अनलाइन मार्फत आफ्नो भूमिका निर्वाह गरिरहेको छ। यसरी आफ्नो भूमिका निर्वाह गरिरहँदा सत्य, तथ्य, विश्वसनीय र भरपर्दो सूचना पाउने नागरिकको नैसर्गिक अधिकारलाई हामी सबैले सम्मान गर्न जरुरी हुन्छ।

नागरिकलाई सुसूचित गराउन सरकार भन्दा स्वतन्त्र प्रेसको भूमिका बढी हुन्छ, त्यसैले निर्भिकताका साथ आफ्नो स्वतन्त्रताको उपयोग गर्दै समाजलाई सुसूचित गर्न, सरकारलाई पहरेदारी गर्न राष्ट्रिय पत्रकारिता दिवसले नेपाली प्रेस जगतलाई थप प्रेरणा र हौसला प्रदान गरो भन्दै पुनः यस अवसरमा म हार्दिक शुभकामना व्यक्त गर्दछु।

.........

मिति : २०८० वैशाख २४ गते आइतबार

हिक्मतकुमार काकी
मुख्यमन्त्री

**मुख्यमन्त्री**

**कोशी प्रदेश, विराटनगर, नेपाल**

# शुभकामना

नेपाल चलचित्र महासंघ, प्रदेश नं.१ ले यस प्रदेशमा हुने चलचित्र सम्बन्धी विभिन्न गतिविधीलाई समेटेर 'चलचित्र यात्रा, प्रदेश नं.१' नामक पुस्तक प्रकाशन गर्न लागेको जानकारी पाउँदा निकै खुशी लागेको छ। प्रदेश नं.१ को सामाजिक, साँस्कृतिक र भौगोलिक अवस्थितिको पहिचान गर्दै यहाँको पर्यटन प्रवर्द्धनमा यस कार्यले महत्वपूर्ण भूमिका खेल्ने विश्वास लिएको छु।

पूर्वी नेपालको मौलिक कला र संस्कृतिको जगेर्ना गर्न यहाँका कलाकर्मीहरुको योगदान सह्रानीय छ। कला, संस्कृति, भाषा र सहित्यको प्रवर्द्धन गर्दै नयाँ पुस्तामा हस्तान्तरण गरी हाम्रा रीतिरिवाजहरु जीवन्त राख्नु हाम्रो प्रमुख दायित्व एवम् जिम्मेवारी हो। चलिचत्र क्षेत्रको विकास र नयाँ पुस्तामा यसको प्रभावलाई विस्तार गर्न नेपाल चलचित्रकर्मी महासंघ प्रदेश नं.१ ले उल्लेखनीय भूमिका निर्वाह गर्ने कुरामा विश्वस्त छु। प्रकाशन उन्मुख रहेको पुस्तक 'चलचित्र यात्रा, प्रदेश १' एक महत्वपूर्ण सन्दर्भ सामाग्री एवम् ऐतिहासिक दस्तावेज हुने विश्वासका साथ पुस्तक प्रकाशन कार्यको पूर्ण सफलताको शुभकामना व्यक्त गर्दछु।

२०७९ माघ २७ गते शुक्रबार

हिक्मतकुमार कार्की
मुख्यमन्त्री

**मुख्यमन्त्री**

**कोशी प्रदेश, विराटनगर, नेपाल**

मिति : २०७९।१०।०६

**माननीय प्रदेश प्रमुखज्यू,**
**प्रदेश प्रमुखको कार्यालय,**
**प्रदेश नं. १, विराटनगर ।**

नेपालको संविधानको धारा १६८ को उपधारा (९) बमोजिम गठन भएको प्रदेश मन्त्रिपरिषद्को सदस्यहरुको कार्यविभाजन र हेरफेर देहाय बमोजिम हुने गरी आवश्यक ब्यवस्थाका लागि सिफारिस गर्दछु।

**देहाय**

| सि.न. | नाम थर | पद | कार्यविभाजन |
|---|---|---|---|
| १ | मा. हिक्मत कुमार कार्की | मुख्यमन्त्री | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय ।<br>आर्थिक मामिला तथा योजना मन्त्रालय ।<br>आन्तरिक मामिला तथा कानून मन्त्रालय । |
| २ | मा.तील कुमार मेन्याङ्बो लिम्बू | मन्त्री | खानेपानी, सिंचाई तथा उर्जा मन्त्रालय । |
| ३ | मा. दुर्गा प्रसाद चापागाई | मन्त्री | सडक पूर्वाधार तथा शहरी विकास मन्त्रालय । |
| ४ | मा. भक्ति प्रसाद सिटौला | मन्त्री | उद्योग, कृषि तथा सहकारी मन्त्रालय । |
| ५ | मा. जीवन आचार्य | मन्त्री | पर्यटन, वन तथा वातावरण मन्त्रालय । |
| ६ | मा.बुद्धी कुमार राजभण्डारी | मन्त्री | सामाजिक विकास मन्त्रालय । |
| ७ | मा. निर्मला लिम्बू | मन्त्री | स्वास्थ्य मन्त्रालय । |

.................................
हिक्मतकुमार कार्की
मुख्यमन्त्री